स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ९, अंक १६, २०७९ मंसिर १३ मंगलवार (Jhuleni Post Weekly 29 Nov. 2022) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

# संघमा एमालेका सूर्य थापा विजयी

## प्यूठानको मत गणना सकियो



**झुलेनी नेटवर्क**
**प्यूठान**

प्रतिनिधिसभा सदस्यमा प्यूठानबाट नेकपा एमालेका पोलिटब्यूरो सदस्य एवं प्यूठान इन्चार्ज सूर्य थापा विजयी भएका छन् । बुधवार राती सम्पन्न मत परिणाम अनुसार थापाले ५ हजार २ सय ७४ मतान्तरले प्रतिस्पर्धी गठवन्धनबाट उम्मेदवार बनेकी राजमोकी दुर्गा पौडेललाई पछिपार्दै विजयी भएका हुन् । थापाले ४१ हजार १ सय १८ र पौडेलले ३५ हजार ८ सय ४४ मत लिएका छन् । जिल्लाका नौ वटै स्थानीय तहमा गरी कुल ८ हजार ९ सय ९ मत खसेको थियो । नतिजाको अन्तिम घोषणा गर्न बाँकी छ । गृह जिल्लाबाट पहिलोपटक निर्वाचन लडेका सूर्य थापा पाँच दलीय गठवन्धनको चुनौतीलाई चिर्दै सफलता हासिल गरेका छन् । पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र झलनाथ खनालको प्रेस सल्लाहकार भएर काम गरेका थापालाई धेरैले हक्की स्वभावको नेताको रुपमा चित्रण गर्छन् । उनी झिमरुक गाउँपालिका १ सौतामारे प्यूठान निवासी हुन् ।

जिल्लाको समग्र विकासमा ५२ बुँदे विकासका प्रतिवद्धता बोकेर थापा मतदाताको बीचमा पुगेका थिए । विकासमा जिल्लाको डिस्कार्स बदल्ने आफ्नो अठोट रहेको उनले सुनाएका छन् । ४८ वर्षिय थापाले समाजशास्त्रमा स्नातकोत्तर तह र व्यवस्थापन संकायमा स्नातक तह गरेका छन् । पार्टीको प्रचार र पर्यटन विभागको जिम्मेवारी रहेर लामोसमय काम गरेका थापा विगत तीन दशक लामो समय पत्रकारिता क्षेत्रमा पनि क्रियाशिल रहे । थापा राष्ट्रिय राजनीतिमा सिँधा पहुँच भएको नेताको रुपमा पनि चिनिन्छन् ।

### प्रदेशसभामा एमालेका तुल्सी र कांग्रेसका रोज विजयी

प्यूठानको प्रदेससभा निर्वाचन क्षेत्र नम्वर १ मा नेकपा एमालेका तुल्सीराम

बाँकी ५ पेजमा

के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?

त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।







साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०

एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स
प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान

## हाम्रो नजर

### विकासले फेरिएको बिजुवारको रुप



प्यूठान नगरपालिका-४, बिजुवार बजारको मित्रमणी चोकदेखि खलंगा जोड्ने पक्किपुलसम्मको पूरानो रुप फेरिएको छ । प्यूठान नगरपालिकाको भवन निर्माणसँगै विकास निर्माणका भौतिक पूर्वाधार निर्माण भएपछि बिजुवारको रुप फेरिएको हो । सधै ओझेलमा परेको भन्ने बिजुवारको पूरानो बजार क्षेत्रमा सडक चौडासँगै प्यूठान नगरपालिकाको प्रशासनीक भवनसम्म र सहीद उमेश स्कृती प्रतिष्ठान भवन जाने सडक समेत कालोपत्रे भएको छ । सडक कालोपत्रे गरिएपछि यसमा चहलपहल पनि बढेको छ । सडक कालोपत्रे भएर हिलो, धुलो नहुँदा यो क्षेत्रमा घर भाडा लिएर होटल व्यवसायिहरु होटल संचालन गर्न थालेका छन् । बैक बितिय सस्थाहरु बढेका छन् । प्यूठान नगरपाकिलाको नयाँ भवन, स्थानीय गैर सरकारी संस्था कालिका विकास केन्द्र भवन, नेकपाको पार्टी कार्यालय, सहित उमेश चन्द्र थापा स्मृती भवन, बृद्ध आश्रम, खलंगा पुग्ने छोटो दूरीको सडक निर्माण लगाउत कारणले बिजुवारको पूरानो बजारमा चहलपहल बढेको स्थानीय बसन्त पोख्रेलले बताए ।

भालुबाङ-प्यूठान सडक अन्तर्गत बिजुवार मित्रमणी चोक पूर्वतर्फ पर्ने जिल्लाकै पूरानो बजारको सडक कच्चि हुँदा गाडीको धुलोले स्थानीयलाई निकै सास्ति थियो । हिजोआज बल्ल राहत मिलेको पोख्रेलले बताए । प्यूठान नगरपालिकाले बजेट बिनियोजन गरेपछि मित्रमणी चोक देखि प्रशासनीक भवनसम्मको कच्चि सडक कालोपत्रे गरिएको हो । नेकपाको पार्टी कार्यालय पुग्ने सडक प्रदेश सरकार मार्फत बजेट परेर भवन डिभिजन कार्यालय दाङमार्फत सडक कालोपत्रे भएको हो ।

कालोपत्रे सडकले गर्दा बिजुवारको पूरानो बजारको बजारको मुहार फेरिएको प्यूठान नगरपालिका- ४, स्थानीय बिरेन्द्र कुमार श्रेष्ठले बताए । उनले यो क्षेत्र घर घडेरीको मूल्य पनि बढेको बताए । द्वन्द्वको समयमा जिल्ला सदरमुकाम खलंगा सरेका सबै सरकारी कार्यालय बिजुवारमा पून:स्थापना भएकाले पनि बिजुवारको रौनक फेरिँदै गएको स्थानीय बताउँछन् । बिजुवारको पुरानो बजार हिजोआज बैंकहरुको हबनै बनेको छ । बैंक अफ काठमाडौं, जनता बैंक, नेपाल इन्भेष्टमेन्ट लगायत बैक बिजुवारको पूरानो बजर क्षेत्रमै रहेका छन् । जिल्लाको मध्यभागमा रहेको गणतान्त्रीक खेलकुद मैदानमा भइरहने कार्यक्रमहरु, छोटोदूरीको जिल्ला खलगा जाने बिजुवार- थापाडाँडा खलगा र बिजुवार- कार्कीडाँडा सडक निर्माण, झिमरुक नदिमा बनेको पक्कि पुलले बिजुवारको रुप फेरिएको प्यूठान नगरपालिका-४ का वडाध्यक्ष रेशम कार्कीले बताए ।

झुलेनी पोष्ट
सम्पादकीय....

## लैंगिक हिंसा सबै मिलेर रोकौं

*लैंगिक हिंसा विश्वव्यापी रुपमा हुने मानव अधिकारको हनन हो । नेपालमा लैंगिक हिंसाबाट प्रत्येक चार महिलामा एक जनाभन्दा बढी प्रभावित हुने गरेका छन । यो लैंगिक असमानताको सबैभन्दा चरम रुप हो र यसले सबैका लागि दिगो विकास सुनिश्चित गर्ने नेपालको प्रयास र क्षमतालाई कमजोर तुल्याएको छ ।*

*लैंगिक हिंसा शारीरिक, यौनजन्य, भावनात्मक, मनोवैज्ञानिक र आर्थिक किसिमले हुने गर्छ । अनलाइन प्लाटफर्मसहित निजी तथा सार्वजनिक स्थानमा लैंगिक हिंसा हुने गरेको छ । महिला, किशोरी र यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरु आजीवन लैंगिक हिंसामा पर्ने गरेको पाइन्छ । यद्यपि, धेरै व्यक्तिले आफ्नो पीडा बाहिर ल्याउन सकेका छैनन् ।*

*नेपालमा शारीरिक वा यौनजन्य हिंसाबाट पीडित तथा प्रभावित महिलाहरुमध्ये एकतिहाइभन्दा कमले मात्र उजुरी गर्ने वा त्यसका लागि सहयोग लिने गरेकाले लैंगिक हिंसाको वास्तविक अवस्था सार्वजनिक हुन सकेको छैन । अपांगता, जात वा जातीयताका आधारमा भेदभाव भोगिरहेका व्यक्तिहरुमा हिंसाको अनुभव तुलनात्मक रुपमा बढी छ तर न्यायमा तिनको पहुँच बढाउन सकिएको छैन ।*

# सांसदज्यू, खेतीपाती सपार्न लाग्नुहोस्

***आम्दानी र रोजगारीका लागि नेपाली युवा भारत र अरबका मरुभूमिमा खेतीकर्म गर्न गएका छन् । यता कृषिउपज पनि ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था छ ।***




कृष्णप्रसाद पौडेल

माननीय सांसदज्यूहरू, सर्वप्रथम नीति निर्माण गर्ने थलो संसद्को सदस्यमा निर्वाचित हुनुभएकामा खुसी व्यक्त गर्दै कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु। हुन त, सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अरूले हार्दिक बधाई दिएको देखे-सुनेको छु।

तर क्षमा गर्नुहोस्, बधाई त कार्यकाल सफल भए मात्रै दिने हो, मैले अहिल्यै त्यो आँट गरिनँ। सांसदका हैसियतले निर्वाह गर्नुपर्ने भूमिकाबारे यहाँहरूले पक्कै हेक्का राख्नुभएकै छ। सँगै, तपाईंलाई उम्मेदवार बनाउने पार्टी र तपाईंका आफ्नै चुनावी घोषणापत्रसमेत बिर्सनुभएको छैन होला। ती घोषणा पूरा गर्ने काममा यहाँ निरन्तर लाग्नुहुनेछ भन्ने अपेक्षा छ।

यति भन्दाभन्दै पनि, धेरैका आफ्नै एवं आबद्ध पार्टी र नेतागणका घोषणा, वाचा र भाषण सुन्दा तपाईंहरूलाई शिक्षा र जनस्वास्थ्यजस्ता प्राथमिक सवालहरू सम्बोधन हुँदैनन् र सविधानमा प्रस्तावित समाजवादको परिकल्पना अर्थहीन हुन्छ। यिनै कामको सम्बोधनका लागि कानुन सुधारमा दिशाबोध गर्नुभएकै होला। अहिले भने खाना र खेतीपातीका थप सन्दर्भ उठाएर यहाँहरूलाई हाम्रो जीवनको मूल आधार उन्नत बनाउन आफ्नो जिम्मेवारी बोध गर्न आग्रह गर्न चाहन्छु।

तपाईंहरूलाई थाहै छ, कृत्रिम रसायन, विषादी, खनिज ऊर्जा र प्रकृति दोहनका कारण निरन्तर विघटित प्रकृति, प्रदूषित हावापानी र पर्यावरणले हाम्रो जीवन नै संकटग्रस्त बन्दै गएको छ। माटो निरन्तर निर्जीव हुँदै गएको छ। यसैबीच गत वर्ष मात्र रुसले युक्रेनमा युद्ध सुरु गरेपछि विश्व बजारमै खानेकुराको संकट गहिरिएको छ। भारत लगायत कतिपय देशले केही खानेकुरा निर्यातमा रोक लगाउने कुराले मात्र हामीलाई आतंकित बनाउँदै महँगीको मारमा पारेको यहाँहरूले याद गर्नुभएकै होला। यी सबै कुराले हाम्रो खानेकुराको भविष्य कति जोखिमपूर्ण छ भनिरहन नपर्ला। यस्तो संकट झनै बढ्दै जाने कुरा मनन गर्न यो प्रसंग उठाइएको हो।




आफ्नै भूमिकाबारे राम्ररी थाहा नभएझैं लागेको छ। अप्ठ्यारो नमान्नुहोस्, यहाँहरूको काम विकास बाँड्ने हैन, बरु यस्तो कामलाई न्यायपूर्ण, समतामूलक र दिगो बनाउन आवश्यक नीति बनाउने हो, जसको कार्यान्वयनको मापदण्ड र कार्यप्रगतिमा पृष्ठपोषण गर्ने हो। पहिलेका सांसदले यस्ता काम ठीक ढंगले नगरेको हुँदा मतदाताले यस पटक तपाईंहरूमध्ये कतिपय नयाँलाई छानेका हुन्। उनीहरूले लामो धैर्यपछि तपाईंहरूप्रति भरोसा गर्दै नसुध्रेका पार्टी र उम्मेदवारविरुद्ध घण्टी बजाएका हुन्। तपाईंले यो कुरा राम्ररी विचार नगरेमा अर्को पटक अरूलाई छान्न हामी मतदाता बाध्य हुनेछौं।

यो देशको उन्नति र आम जनसमुदायको खुसीका लागि अरू कुरासँगै विकासलाई प्रकृतिसम्मत र स्थानीयतामा आधारित बनाउने, यसका लागि जनचेतना र क्षमता बढाउने सरकारका प्राथमिक काम हुन्। यो काम गर्न मुख्य दायित्व बोकेको प्रशासनिक नेतृत्वको पुनःसंरचना र खरिद ऐनजस्ता सार्वजनिक विकासका प्रक्रिया अद्यावधिक गर्न आवश्यक छ। यी काम नगरी आम नेपालीका खाना, नाना, छाना,

अहिले जलवायु परिवर्तनले हाम्रो जीवनमा संकट चुलिँदै गएको छ। गत वर्ष वर्षाले मनाङदेखि मेलम्चीसम्म ल्याएको वितण्डा र धानबालीमा भएको क्षति सम्झनुहोस् त। चुरे दोहनले निम्त्याएको संकटबारे त यहाँहरूलाई सम्झाउनै परेन। यसरी वर्षैपिच्छे अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुबानले चुरे-भावर, तराई-मधेशका लाखौं पविवारको जीविकाको मुख्य आधार तहसनहस हुँदै गएको छ। एक छिन सोचौं त, यस्तै वर्षा र उस्तै खडेरी आउने वर्षमा पनि दोहोरिरहे भने हाम्रो जीवन के होला? यी संकट सम्बोधन गर्ने अपेक्षा गरिएका राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलनहरू यसतर्फ इमानदार पहल गर्ने प्रतिबद्धता-कार्ययोजनाबिनै समापन हुने गरेका छन्। नखाएको विषले प्रभावित हामीजस्ता करोडौंको जीवन यसबाट थप कष्टकर भएको छ। अतः यसबारे सरकारलाई दिशानिर्देश गराउन यहाँहरूले भूमिका खेल्न जरुरी छ।

अर्को कुरा, कृषिप्रधान देशकै बहुसंख्यक नेपाली किनेर खान विवश छौं। आम्दानी र रोजगारीका लागि नेपाली युवा भारत र अरबका मरुभूमिमा खेतीकर्ममा सघाउन गएका छन्। यता कृषिउपज पनि ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था छ। यसप्रति तपाईंहरूले राम्रै चिन्तनमनन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। बाँझो जमिन, जलवायु परिवर्तनको बढ्दो जोखिम, खानेकुरामा रसायन र विषादीको समस्या, उत्पादक साना तथा सीमान्त किसानका लागि उत्पादनका आवश्यक स्रोतसाधन, उन्नत बीउ, मल र चिस्यानको जोहो र दलालमुक्त बजार बन्दोबस्त कृषि विकासका आधारभूत सवाल हुन्। कृषि शिक्षा, अनुसन्धान, प्रसार र प्रशासन संयन्त्रको पुनःसंरचना, सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत कृषि प्राविधिकको क्षमता वृद्धि र हाम्रो आफ्नै भौगोलिक तथा पर्यावरणीय विशेषतामा उपयुक्त कृषि प्रविधि विकास पनि उत्तिकै महत्त्वपूर्ण छन्। दीर्घकालीन सोचसहित यी विषयको सम्बोधन नगरी हाम्रो कृषि क्षेत्रको रूपान्तरण सम्भव हुँदैन। विडम्बना, तपाईंहरू र आबद्ध पार्टीहरूले बाँडेका घोषणापत्र नामका ग्यारेन्टीपत्रमा यी आधारभूत सवाल सम्बोधन गर्ने उपयुक्त प्रस्तावहरू छैनन् भन्नुपर्दा मलाई रमाइलो लागेको छैन।

धेरै पार्टीका घोषणापत्रमा नेपाली भूगोल र समाजको विशेषता, बदलिँदो आर्थिक सामाजिक परिवेश, कृषिक्षेत्रमा परिरहेको भूमण्डलीकरणको असर, क्षेत्रीय भूराजनीतिक प्रभाव र यिनको कृषिक्षेत्रमा पर्ने भविष्यको सम्भाव्य जोखिमको आकलन गरी गर्नुपर्ने दृष्टिबोध र रणनीतिक मार्गचित्र स्पष्ट छैनन्। नेपाली समाज उन्नत बनाउने दृष्टिकोणबिनै शब्दजालको खेतीबाट देश विकासको आकासे फल देखाउने यी ग्यारेन्टीपत्र विकासे बीउजस्तै अनुत्पादक छन्।

अहिले साढे ३ खर्बको कृषिउपज आयात भइरहेको छ। यो घटाउने भन्दा

बाँकी ८ पेजमा

# समृद्धि, चुनावी नारामै सीमित

रमेश गौतम




समृद्धि कागजमा लिपिबद्ध गर्दैमा, पर्चामा लेख्दैमा र सभाहलमा सभा गर्दैमा हुने कुरा होइन। समृद्धि शब्दको अर्थले सम्पन्न हुनु वा समृद्ध हुनुको भावलाई बुझाउँछ। समृद्धि भनेको कुनै पनि भौतिक अवस्था वा वस्तुको सकारात्मक तथा विकासतर्फको गुणात्मक परिवर्तन पनि हो। कुनै पनि देशको मुख्य उदेश्य समग्र देश र जनताको जीवन समृद्ध पार्नु हुन्छ। समृद्धिका लागि हामीसँग सिंगो मानव इतिहास छ, हामी नेपाली समृद्धिका लागि लिच्छविकाल, मल्लकाल, राणाशासन, शाहकाल हुँदै अहिले पनि यही समृद्धिका लागि लड्दै छौँ, कराउँदैछौँ, नारा लगाउदैछौँ।

आजसम्मको नेपाली राजनीति यही एउटा समृद्धि भन्ने शब्द र सो शब्द प्रयोग गरेर बनेका शब्दका फगत अर्थविहीन हरफ वा नाराको वरिपरि घुमेको त छ नि। हुन त समृद्धि नचाहने को नै होला र ? कुन कालखण्डनै होला र ? समृद्धि आफैंमा सापेक्षिक शब्द हो। त्यसैले यो भौतिक जगत् त्यसमा पनि २१औं शताब्दीको यो वैज्ञानिक युगमा समयसापेक्ष समृद्धिको चाह राख्नु मनासिव नै हो। त्यसैले त यो समृद्धि शब्द अवस्था र स्थितिको तुलना गर्न प्रयोग हुने सापेक्षिक शब्द हो।

अहिले देश संघीय संरचनामा चलिरहेको छ। देशमा हाल ७ सय ५३ स्थानीय सरकार छ। ६ हजार ७ सय ४३ वटा वडा छ। देशले पाँचवर्षे संघीय शासन खेपेर गत वैशाखको स्थानीय निर्वाचनमार्फत हरेक स्थानीय तहले फेरि पाँचवर्षे स्थानीय जनादेश भर्खरै पाएको छ। स्थानीय निर्वाचन भएको झन्डै ६ महिना भयो। यसअघि चुनावमा सुनिएका समृद्धिका नारा यो चुनावमा पनि हुबहु सुनिए, ठाउँ र परिवेशअनुसार विभिन्न समृद्धिका नारा बने। त्यस समय झट्ट नेताको भाषण र नारा सुन्दा विकास त अब केही महिनामा हुँदैछ भन्ने किसिमको थियो। तर चुनावको नतिजासँगै ती नारा ती तथ्यांक गुमनाम भए । प्रायः चुनावमा समृद्धिको नारामा भौतिक अवस्था बदल्ने कुरा मात्रै गरिन्छ। तर आम जनताको समस्या के हो ? ती समस्याको समाधानको बिन्दु कहाँ छ ? त्यसलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने तर्फ कसैको ध्यान गएको देखिँदैन र सोहीअनुसारको जनताको खास समस्या सम्बोधन गर्ने नारा कहिल्यै बन्दैन । त्यति मात्रै होइन, विकासको तहगत वर्गीकरण के हो ? कुन तह र कुन अवस्थाको विकास सर्वप्रथम गर्न आवश्यक छ ती कुराको पहिचान र अध्ययनबिनाको विकासे नारा र विकास कति टिकाउ र प्रभावकारी हुन सक्ला ?

नेपाललाई कृषि प्रधान देश भनिन्छ। जस्को अर्थ नेपालमा अन्य स्रोत र साधनभन्दा कृषि कर्म प्रधान वा मुख्य छ भन्ने हो। तर आजको दिनसम्म यो भनाइमै मात्रै सीमित छ। कृषि प्रधान भनिएता पनि कृषिमा देशको लगानी छैन, कृषि क्षेत्रमा हुने समस्याको अनुसन्धान र अनुगमन छैन। यही अनुगमन र नीति नियमको अभावमा कृषि योग्य जमिन बस्तीको रूपमा नासिँदै छ। अनि कसरी हुन्छ त कृषि क्रान्ति ? प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र नारा लगाएको केही वर्ष बिते पनि यो परियोजना पनि सीमित पहुँचवालाको मुठीमा छ। वास्तविक किसान अनुदान र सरकारबाट दिने सेवा सुविधाबाट वञ्चित छन्। अनि कसरी पूरा हुन्छ कृषिमा समृद्धिको नारा ? हामी नेपाली भावनामा रमाउछौं। हामीमा काममा भन्दा कुरामा रमाउने आदत छ। हामीलाई खुसी हुन ठूला काम चाहिँदैन साना मिठा कुरा भए पुग्छ। साँच्चै भन्नुपर्दा हामी नेपालीमा विकासमा भन्दा नाराका ती लयबद्ध आवाजमा रमाउने आदात छ। हामी सोच्छौं समृद्धि भनेको ठुलाठुला विकास गर्नु हो। विश्वका धनी देशहरूसँग प्रतिस्पर्धा गर्नु हो । अनि हामी सोच्छौ पैसाले मात्रै पनि समृद्धि हुन्छ। समृद्धि आर्थिक तथा भौतिक विकासमा छ। तर होला अधिकांश विकासलाई आर्थिक स्रोतले असर पार्ला, भौतिक विकासले समग्र विकासको प्रतिबिम्बित गर्ला तर यो सँगै समृद्धिमा हामीले सामाजिक, भावनात्मक, सांस्कृतिक र पर्यावरणीय पक्षको पनि समानान्तर प्रगति गर्नुपर्ने कुरा अकाट्य छ।

देशको आर्थिक उन्नति प्रगति र समृद्धिका लागि देशका आम नागरिकमा गाउँ, समाज र देशप्रति उत्तरदायी हुने, देशका लागि केही गर्नुपर्छ भन्ने भावना विकसित गराउनु सर्वप्रथम आवश्यकता हो। यदि यस्ता धारणा जनतामा जागृत गराउन सकेमा देश विकासमा राम्रो सघाउ पुग्छ। त्यस्तै देशको विकास भन्नाले सामाजिक, सांस्कृतिक, पुरातातात्विकक र पर्यावरणीय पक्षको पनि विकास हो भनेर त्यसतर्फ पनि सोचेर विकासमा समानान्तर तरिकाले अघि बढ्दा देश वास्तविक चुरो रूपमै विकासमा अघि बढ्छ। किनकि हाम्रो देश सांस्कृतिक, पर्यावरणीय र पुरातातात्विकक रूपमा पनि धनी छ, यी र यस्ता कुरालाई मतलव नगरी देशको समग्र विकास हुन सक्दैन।

अस्वस्थ राजनीति दाउपेच, भ्रष्टाचार, अशिक्षा, द्वन्द्व, बेरोजगारी, महामारी देशका समृद्धिका बाधक हुन्। यी र यस्ता कुराहरूले देश समृद्ध हुनबाट धकेलिन्छ। हाम्रो देशमा हुने गरेका सामाजिक विभेदले पनि देशको सिंगो विकास र समृद्धिलाई पछाडि धकेलेको छ। राजनीति वास्तवमा सेवा हो तर नेपालको हकमा यो पेसा सरह भएको छ। नेपालमा राजनीति दाउपेचको आधारमा गरिन्छ, यहाँ स्वार्थको राजनीति छ। राजनीति गर्नेसँग सेवा गर्नेभन्दा पनि कमाउने, लुट्ने भावना बढी छ। गुण र दोषको आधारमा राजनीति भन्ने कुरा यहाको नेताका मनमा समेत छैन। आफूले गर्दा ठिक अरूले गर्दा बेठिक, आफू ठिक अरू बेठिक यहाँको राजनीति नियमजस्तै भएको छ। भ्रष्टाचार दिनानुदिन बढ्दो छ। गाउँको वडादेखि सिंहदरबारसम्म भ्रष्टाचार छ। नेपालमा ठुलो जनसंख्या अशिक्षाको रेखामुनि हुनुले पनि समृद्धिमा खास असर पारेको छ। दसवर्षे माओवादी जनयुद्ध तथा द्वन्द्वले पनि देशको समृद्धिको यात्रालाई दशकौं पछाडि धकेल्यो। बेलाबेलामा देखा पर्ने महामारी पनि समग्र देशको विकासको बाधक हो। हालसालै कोभिड– १९ महामारी देश विकासको बाधकको रूपमा देखा पऱ्यो।

अस्वस्थ राजनीति दाउपेच, भ्रष्टाचार, अशिक्षा, द्वन्द्व, बेरोजगारी, महामारी देशमा समृद्धिका बाधक हुन्।

समृद्धि कागजमा लिपिबद्ध गर्दैमा, पर्चामा लेख्दैमा र सभाहलमा सभा गर्दैमा हुने कुरा होइन। यसको लागि नेपाल सरकारको दृढ संकल्प, कर्मचारी र आम जनतामा देश विकास र समृद्धिप्रति सकारात्मक ऊर्जा, शैक्षिक जनशक्ति, शून्य भ्रष्टाचार, गुण र दोषको आधारमा हुने नैतिकवान् राजनीति चाहिन्छ। नेपालमा समृद्धिको नारा तब साकार हुन्छ जब सम्पूर्ण नेपाली जो दूरदराजमा रहेर औसत सुविधासहित जीवनयापन र विकासको अनुभूति गर्न पाउँछन्। हरेक नेपालीको मूलभूत आवश्यकता पूरा हुनु र समृद्धिको पहिलो आधार हो। यति भएपछि यिनै कुराहरू गुणात्मक रूपमा बढे मात्रै पनि देश विस्तारै विकास हुने थियो।

आम जनताले स्थानीय नेतृत्वबाट सामान्य अपेक्षा राखेका हुन्छन्। उनीहरूले खानेपानीको सहज व्यवस्था, गाउँमै आधारभूत तथा उच्च सर्वसुलभ शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, कृषिमा अनुदान, सिँचाइको व्यवस्था, विद्युत् तथा गाउँमै सार्वजनिक सवारीसाधनको व्यवस्था, आफ्नो र बालबालिकाको सुरक्षा, कुनै संघसंस्थाबाट छिटो सजिलो झन्झटमुक्त सेवा यी र यस्तै किसिमको सेवा पाएमा जनता खुसी हुने र समाज र राष्ट्रको लागि केही गर्न पनि तत्पर रहन्थे तर आजको दिनमा जनताले न्यूनतम सेवासमेत नपाएको स्थिति छ त्यसकारण पनि जनता नेता र नेतृत्वप्रति सन्तुष्ट छैनन् र समाज र राष्ट्रप्रति योगदान गर्न चाहनै गर्दैनन् ।

नेताले नारा प्रायः विकसित देशको नारा जस्तो बनाउँछन् तर सामान्यभन्दा सामान्य किसिमको काम गर्न सकेका छैनन्। हाम्रो जस्तो विकासको पथमा भर्खरै लम्कन लागेको देशमा सामन्य उद्देश्य राखेर सो पूरा गरे त्यो नै महान् कार्य हुने थियो। हामी जस्तो विकासको हिसाबले पछि परेको देशले विकसित देशको विकास हेरेर मात्रै हुँदैन, समृद्धिले हठात हुने परिवर्तनलाई स्विकार्दैन पनि त्यसकारण हामीले त विस्तारै आफ्नै गति र शैलीमा विकास गर्नु छ। हामीले विकासको कुरा गर्दा नेपालमा गाँस, बास, कपास र स्वास्थ शिक्षा रोजगारमा सामान्य पहुँचसमेत नपुगेका नेपाली नागरिक पनि छन् र तिनको जीवनस्तर मध्ययमस्तर नबनाएसम्म ठुला योजना र नारा शब्दमै सीमित हुन्छ भन्ने बुझ्न जरुरी छ।

समृद्धि तथा समग्र विकासको लागि गाउँ तथा समाजमा विकास र समृद्धिको बारेमा बेलाबेलामा खुल्ला बहस र छलफल गरिनुपर्छ। नेतृत्व तहमा बस्नेले जनताको आलोचना सुन्न, मनन् गर्न र सोहीअनुसार सच्चिन सक्नुपर्छ। देशमा निर्माण भएका विभिन्न ऐन तथा कानुनको सबैले बराबरी पालना गर्नुपर्छ। राजनीति सेवामुखी र गुण र दोषको आधारमा गरिनुपर्छ। योग्य व्यक्तिलाई नेतृत्व गर्ने ठाउँमा पुऱ्याउनुपर्छ। अपराध र भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ। आन्तरिक उत्पादनमा वृद्धि गर्न सक्नुपर्छ। जनतालाई हरेक अवसरमा समान पहुँचको व्यवस्था गर्नुपर्छ। नागरिक समाज चनाखो, उत्तरदायी, खबरदारी गर्ने र राम्रो काममा स्याबासी दिने किसिमको हुनुपर्छ। युवाको युवा अवस्थाको उच्चतम प्रयोग गरी देश विकासमा प्रयोग गर्नुपर्छ। देशको संघीय संरचनाअनुसारको तीन तहबीच आपसी समन्वय हुनुपर्छ। समाजमा अन्याय र विभेद अन्त्य गरिनुपर्दछ। यी र यस्ता आधारभूत कुराहरू व्यावहारिक रूपमा लागू गर्नेसके हामी नेपालिका लागि समृद्धि टाढा छैन। त्यसैले यस्ता कुराहरू लागू गर्नमा हामी सबै लाग्न जरुरी छ ।

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क : ०८६-५९०४३६

एड्स तथा यौन रोगबाट बच्न र बचाउन
-सुरक्षित यौन सम्पर्क गरौं ।
-यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
-जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
-एच. आई. भि. नियमित परीक्षण गरौं ।
-यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।
स्वास्थ्य कार्यालय प्यूठान

नगरपालिकावासिलाई अनुरोध
"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकताबद्ध खबरदारी"
-अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,
-सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं,
-अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
-सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं।
३१औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं।
अनुरोधक : स्वर्गद्वारी नगरपालिका भिंग्री, प्यूठान

# सांसदज्यू...

निर्यात बढाउने कुरा सबैको प्राथमिकतामा छ। धेरैको घोषणापत्रमा विकासे बीउ र कारखानामा बनाइने कृत्रिम मलमार्फत कृषि उत्पादन बढाइने जिकिर गरिएको छ। मल-विषादीका कारखाना र विकासे बीउ नभएर कृषि नसुध्रेको भाष्य तिनमा पाइन्छ। सबै घोषणामा भूउपयोग र भूमिसुधारले राम्रै ठाउँ ओगटेका छन्। तर माटो र समग्र प्रकृति विघटन भैरहेको यो अवस्थामा कृषि जमिनका यी संरचनागत सवालसँगै माटो बचाउने चुनौतीको सामना गनुपर्नेछ। बाँझो जमिन र चाक्लाबन्दीका विषय पनि सबैका घोषणापत्रमा कुनै न कुनै हिसाबले उठाइएका छन्। यी कुनै नयाँ प्रस्ताव हैनन्। जमिन बाँझो भएकै दुई दशक भैसक्यो। यो निरन्तर बढिरहेको छ। तर कुनै पनि पार्टीको घोषणापत्रमा हरित कृषिको बाटो र असफल कृषि मन्त्रालय र मातहतको पुनःसंरचनाबारे चर्चा गरिएकै छैन। अन्यथा नलिनुहोला, पुराना पार्टीका पुरानै घोषणा नपत्याउने कुरा स्वाभाविकै हो तर नयाँ पार्टीका घोषणा पनि भरोसा गर्नलायक देखिएका छैनन्।

सांसदज्यूहरू, मूल कुरा तपाईंहरूले फूलमाला लगाएर छिरेको संसद्ले स्वस्थ खानेकुरा, स्वच्छ माटो, पर्यावरण, ग्रामीण समुदायको जनजीविका, किसानको स्वाभिमानी जीवनशैलीजस्ता कृषिका मूलमर्मलाई सम्बोधन गर्न उपयुक्त नीति, ऐन कानुन बनाउन र सरकारले ल्याउने आवधिक तथा वार्षिक योजना र कार्यक्रममा रचनात्मक सुझाव र पृष्ठपोषण गर्न के कस्तो विचार पुऱ्याउँछ भन्ने नै हो। जनजीविका, विकास र सुशासनका अन्य सवालसँगै खाना र खेतीपाती उन्नत बनाउनका निम्ति नीति निर्माण गर्न तपाईंहरूले केकस्तो भूमिका खेल्नुहुन्छ भन्ने हो। इच्छाशक्ति भएमा तपाईंहरूले नीतिगत पहल गर्न सक्नुहुन्छ। कृषि सपार्ने ध्येयका लागि मुख्य कार्यभार यी हुन सक्छन्:

- नेपाली नागरिकको खाद्य तथा पोषण सुरक्षा सम्बन्धी संविधानप्रदत्त हकको प्रत्याभूतिका लागि खाद्यमा आत्मनिर्भर र तुलनात्मक कृषिउपजको प्रवर्द्धन गर्ने नीतिको पक्षमा लाग्नु तपाईंहरूको पहिलो दायित्व हुनुपर्छ। कृषिक्षेत्रलाई क्रमशः प्रकृतिमैत्री बनाउँदै कृषि तथा साना पशुपक्षीजन्य प्रमुख खाद्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मुलुकमा भैरहेको खानेकुरा लगायत कृषिजन्य आयातलाई प्रतिस्थापन गर्दै लैजाने दिशामा तपाईंहरूले रचनात्मक भूमिका खेल्नुपर्छ।
- दिगो कृषि विकासका मापदण्डका आधारमा खाद्यमा आत्मनिर्भर र तुलनात्मक लाभका कृषि उपजबाट रोजगारी र आम्दानी बढाउन पर्यावरणीय कृषि विकासको ढाँचामा आधारित कृषि पद्धति अपनाउन र सोही अनुरूप कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा दृष्टि पुऱ्याउनु तपाईंहरूको दोस्रो कार्यभार हुनुपर्छ।
- नेपालजस्तो विविध कृषि प्रणालीमा स्थानीय विशेषतामा आधारित ढाँचाहरू अवलम्बन गर्नुको विकल्प छैन। यसका लागि तत्कालै कृत्रिम रसायन तथा रसायनमा आधारित विषादीहरूबाट कृषिक्षेत्र लगायत मानव स्वास्थ्यमा परिरहेको बढ्दो जोखिम न्यूनीकरणका लागि नियमन, अभिमुखीकरण र जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउन उपयुक्त उपाय सुझाउनु यहाँहरूको तेस्रो कार्यभार हुनुपर्छ।
- रसायन र विषादीमा रोक लगाउँदै रासायनिक मल अनुदान कटौती गर्ने प्रांगारिक मल, गोठ सुधार, कम्पोस्ट मल र जैविक मल र विषादी बनाउन आवश्यक प्रविधि र क्षमताको विकास गर्ने र यो प्रणालीलाई उन्नत बनाउन तत्कालै पहल गराउनु तपाईंहरूको चौथो कार्यभार हुनुपर्छ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरूको संरचनागत समीक्षा गरी तीनै तहका संरचनाहरू पुनर्गठन र कार्यादेश परिमार्जन गर्ने प्रबन्ध मिलाउन नसके यी सबै कुरा भाषणमा मात्र सीमित हुन्छन्।

अतः यिनका साथै सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाबाट खाद्य तथा कृषिक्षेत्रमा सञ्चालित परियोजनाको प्रभावकारिता र उपलब्धिको स्वतन्त्र समीक्षा गरी यिनको कार्यक्रम र कार्यविधि परिमार्जन गर्दै खानाका लागि खेतीपातीको मार्गचित्र बनाउन आवश्यक कदम चाल्न लगाउनु तपाईंहरूको पाँचौं कार्यभार हो। कृषि आफैंमा बृहद् क्षेत्र हो। यो जीवनका सबै आयामसँग जोडिएको छ। यसको सम्बोधन एकाकी तवरबाट हुन सक्दैन। तसर्थ यसलाई एकीकृत सामाजिक अर्थव्यवस्था, शिक्षा, जनस्वस्थ्य र दिगो प्रकृतिको अन्तरसम्बन्धको बृहद् चित्रमा हेरिनुपर्छ। यो कुराको मर्म बुझ्नु नै भएको होला भन्ने आशा गरेको छ। हाम्रो उन्नतिका लागि जिम्मेवारी बोध गर्नुभएको छ भन्ने भरोसा जागेरै यो पत्र लेखेको हुँ।

**कान्तिपुर**

गाउँपालिकाबासीलाई अनुरोध
"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकताबद्ध खबरदारी"
-अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौ,
-सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं,
-अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
-सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं।
३१औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं।
अनुरोधक
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान

## रोचक/प्रेरक प्रसङ्ग

# बिहान सबेरै भाले बासेर 'डिस्टर्ब' गरेपछि छिमेकीविरुद्ध प्रहरीमा उजुरी



बिहान सबेरै कुखुराको भाले जब बास्न थाल्छ तब उठ्ने समय हुन्छ। तर सबैलाई कुखुरी काँ''को आवाजसँगै उठ्ने मौका मिल्दैन । कतिपयलाई कुखुराको आवाज नै मन नपर्न पनि सक्छ।

छिमेकी मुलुक भारतमा कुखुराकै कारण प्रहरीमा उजुरी नै परेको छ। मध्यप्रदेशमा एक जना व्यक्तिले छिमेकीको कुखुरा जोडदार रुपमा बास्दा होहल्ला भएर आफूलाई दिक्क भएको भन्दै प्रहरीलाई गुहारेका छन्।

पेसाले चिकित्सक रहेका ती व्यक्ति छिमेकीको कुखुराको आवाजले निकै बेखुसी थिए। त्यसैले उनले छिमेकीको कुखुराको आवाज बन्द गराउन माग गर्दै प्रहरीमा निवेदन दिएका छन्। अनौठो निवेदन प्राप्त भएपछि प्रहरीले दुवै पक्षसँग छलफल गरेर समस्या सुल्झाउने बताएको छ। यदि त्यसो गर्दा पनि समस्या समाधान नभएमा कानुनी प्रक्रिया अगाडि बढाइनेछ। स्थानीय पलासिया प्रहरी चौकी प्रमुखका अनुसार छिमेकीको कुखुरा विरुद्ध उजुरी दिने चिकित्सकको नाम आलोक मोदी हो। उनी पलासिया क्षेत्रको ग्रेटर कैलाश अस्पताल नजिकै बस्छन्। उनको निवेदन अनुसार छिमेकी एक महिलाले घरमा धेरै कुखुरा पालेकी छन्। हरेक बिहान उनको घरका कुखुराहरु चर्को आवाजमा चिच्याउने र त्यो आवाजले आफूलाई धेरै नै बाधा पारेको उनको जिकिर छ।

कामको व्यस्तताले रात अबेर घर आउने र बिहान निद्रामै रहेको बेला कुखुराको चर्को आवाजले समस्यामा पार्ने उनले बताएका छन्।

**अनलाइन खबर**

जनहितमा जारी सन्देश
- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।
अनुरोधक:
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकतावद्ध खबरदारी"
-अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौ,
-सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं,
-अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
-सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं।
३१औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं।
अनुरोधक : माण्डवी गाउँपालिका जस्पुर, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
"समावेशी विकासका लागि रुपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"
-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।
३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।
अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान

# एमाले प्यूठानले दियो मतदातालाई धन्यवाद !


नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
जिल्ला कमिटी, प्यूठान
District Committee, Pyuthan

पत्र संख्या : ०७९/८०
चलानी नम्बर :
मिति : २०७९/०८/११

प्रेस विज्ञप्ति

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ प्यूठानमा सफलतापूर्वक सम्पन्न भएको छ । आवधिक निर्वाचन मार्फत जनताले आफ्नो प्रतिनिधि छान्ने यस महाअभियान सम्पन्न गर्न अहोरात्र खट्ने नेकपा (एमाले) सम्बद्ध पार्टी पंक्ति, आम मतदाता, निर्वाचन आयोग र त्यस मातहतका निकायहरु, राष्ट्रसेवक कर्मचारी एवं सुरक्षाकर्मीहरुमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछौं ।

नेकपा (एमाले)ले अधिकार गरेको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पुरा गर्न यस निर्वाचनले प्यूठान जिल्लाको समग्र विकास र न्यायका पक्षमा आफ्नो मत जाहेर गरेको छ । नेकपा (एमाले) प्रति आम मतदाताले देखाउनुभएको विश्वासका कारण आज नेकपा (एमाले) सशक्त बहुमत सहितको पहिलो शक्तिको रुपमा पुन:अनुमोदित भएको छ । नेकपा (एमाले)का उम्मेदवारहरु प्रतिनिधि सभा सदस्यमा सूर्य थापा र प्रदेश सभा सदस्यमा तुल्सीराम शर्मालाई बहुमतका साथ विजयी गराउनुहुने सम्पूर्ण प्यूठानी मतदाताहरुमा यसै विज्ञप्ति मार्फत स-सम्मान हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

निर्वाचनका क्रममा पार्टीले जारी गरेको प्रतिबद्धता पत्र, निर्वाचन प्रचारका क्रममा स्थानीयले उठाउनु भएका मुद्दा, विकासका योजना र सवालहरु क्रमश: कार्यान्वयनका लागि हामी दृढ छौं । जिल्लाको समग्र विकासका लागि सरोकारवालाहरुसँगको समन्वय र तीनै तहका सरकारहरुसँग प्रभावकारी



**झुलेनी पोष्ट,**
**प्यूठान**

नेकपा एमाले प्यूठानले मतदान गरेर पार्टीका उम्मेदवारहरुलाई विजयी गराउने प्यूठानका आम मतदाता, कर्मचारी, सुरक्षाकर्मीहरुलाई धन्यवाद दिएको छ। आइतवार प्रेस विज्ञप्ती जारी गर्दै प्रतिनिधिसभा सदस्यमा विजयी पार्टीका पोलिटब्यूरो सदस्य एवं प्यूठान इन्चार्ज सूर्य थापा र लुम्विनी प्रदेश कमिटी सचिवालय सदस्य प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नम्वर १ मा निर्वाचित तुल्सीराम शर्मालाई विजयी गराउने सवैमा धन्यवाद ज्ञापन गरिएको हो।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न अहिलेको निर्वाचनले प्यूठान जिल्लाको समग्र विकास र न्यायको पक्षमा आफ्नो मत जाहेर भएको एमालेले जनाएको छ। निर्वाचनको बेला पार्टीले सार्वजनिक गरेका प्रतिवद्धा, स्थानीयले माग गरेका विकास मुद्दा, विकासका योजना र सवालहरुलाई क्रमशः कार्यान्वयनका लागि पार्टी दृढ रहेको जनाइएको छ।

## संघमा...

शर्मा विजयी भएका छन्। शर्माले २० हजार २ सय १० र प्रतिस्पर्धी गठवन्धनबाट उम्मेदवार बनेका नेकपा माओवादी केन्द्रका कृष्ण अधिकारी (प्रकाश) ले १७ हजार २ सय २७ मत प्राप्त गरेका छन्। उनीहरुबीच २ हजार ५ सय ३ मतको अन्तर भएको छ। शर्मा एमालेका लुम्विनी प्रदेश कमिटी सचिवालय सदस्य र प्यूठानका निवर्तमान जिल्ला कमिटी अध्यक्ष हुन्। त्यस्तै, प्रदेससभा निर्वाचन क्षेत्र नम्वर २ मा नेपाली कांग्रेसका सरोज थापा (रोज राणा) विजयी भएका छन्।

राणाले २२ हजार ५ सय १ र उनका प्रतिस्पर्धी एमालेका हरि प्रसाद रिजालले २० हजार ८ सय ७ मत प्राप्त गरेका छन्। उनीहरुबीच १ हजार ७ सय १२ को मतान्तर भएको छ। राणा नेपाली कांग्रेस प्यूठान क्षेत्र नम्वर २ का क्षेत्रिय सभापती हुन्। उनी चलचित्र निर्माता पनि हुन्। प्रदेशमा विजयी दुवै नयाँ अनुहार हुन्।

# स्थानीय स्तरमा उत्पादन भएका बस्तुहरुलाई बजारीकरण गर्न पहल गर्दै छौं : अध्यक्ष विष्ट

**ओम प्रकाश गुप्ता**
**सिसहनियाँ दाङ**

राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले स्थानीय स्तरमा उत्पादन भएका बस्तुहरुलाई बजारीकरण गर्नका लागि गाउँपालिकाले पहल गरिरहेको बताएका छन्। शुक्रवार स्वच्छ व्यावसायी नेपाल ,स्वान नेपाल ,आइ.एम को आयोजना तथा राप्ती गाउँपालिकाको सहकार्यमा स्थानीय सिप संस्कृति तथा श्रोत मार्फत उद्यमेशिलता विकास सँगै बजारीकरण प्रवर्द्धन सम्बन्धि राप्ती गाउँपालिकाको सभाहल मसुरियामा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा सो कुरा बताएका हुन्।

त्यस्तै कार्यक्रमका प्रमुख अथिती समेत रहनु भएका अध्यक्ष विष्टले यस क्षेत्रमा उत्पादित भएका बस्तुहरुको बजारीकरण गर्न सके मात्र उत्पादित बस्तुहरुले उचित मूल्य पाउने र उद्यमशिलकर्ताहरुको सम्मान हुने बताउदै त्यसको लागि छिटो भन्दा छिटो पालिकाले काम अघि बढाउने समेत बताए। कार्यक्रम स्वान संस्थाका कोषध्यक्ष राममोती चौधरीको अध्यक्षता ,राप्ती गाउँपालिका अध्यक्ष प्रकाश विष्टको प्रमुख आथित्यता तथा उपाध्यक्ष कमलापती चौधरीको विशिष्ट आथित्यतामा सम्पन्न भएको थियो।

कार्यक्रममा राप्ती गाउँपालिका क्षेत्र भित्रका कृषि संस्था तथा फर्महरुका प्रतिनिधि , उद्योग व्यावसायी,होटल व्यावसायी,कृषकहरुको उल्लेख्य सहभागीता रहेको थियो। सो अबसरमा कार्यक्रमका सहभागीहरुले राखेको जिज्ञासाहरुको बारे सम्बन्धित शाखाका प्रमुखहरु तथा जनप्रतिनिधिहरुले प्रष्ट पारेका थिए। स्वच्छ व्यावसायी नेपालका कार्यक्रम संयोजक बासुदेव घिमिरेको विषय प्रवेश बाट शुरु भएको कार्यक्रममा उद्यमशील उत्प्रेरक राजन अधिकारीले सम्भावित व्यावसाय त्यसका चुनौती र समाधानका उपायबारे जानकारी गराएका थिए भने कार्यक्रमको सहजीकरण स्वान संस्थाका कार्यक्रम संयोजक रेमन्त चौधरीले गरेका थिए।

झुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क : ०८६-५९०४३६

पालिकाबासीलाई अनुरोध

"समावेशी विकासका लागि रुपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"

-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्वयवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।

३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# सञ्चारमैत्री देउसी भैलोबाट संकलित रकमले बाढी पीडितलाई फाइवर सिरक वितरण



**ओम प्रकाश गुप्ता**
**सिसहनियाँ दाङ**

दाङको देउखुरीमा सञ्चारमैत्री देउसी भैलोबाट संकलित रकमले बाढी पीडितलाई फाइबर सिरक र तन्ना वितरण गरिएको छ।

राप्ती प्रेस मञ्च र समावेशी रेडियो राप्ती स्रोता क्लबको सहकार्यमा देउसी भैलो मूल आयोजक समितीको आयोजनामा कार्तिक ७ गते देखि १२ गते सम्म सञ्चालन भएको देउसीभैलो कार्यक्रमबाट संकलित रकम मध्ये खर्च कटाएर बच्न आएको रकम मध्ये ४० प्रतिशत रकमले अति बाढी पिडित घर परिवारलाई शनिवार एक कार्यक्रमको आयोजना गरी राहत स्वरुप फाइवर सिरक र तन्ना बितरण गरिएको हो।

गत असोजमा आएको बाढीले देउखुरीको राप्ती गाउँपालिकाका विभिन्न वडामा ठुलो नोक्सानी पुर्‍याएको र कतिपयको घरबार समेत विहिन भएको दर्दनाक अवस्थालाई मध्यनगर गरी जाडोको समयमा शरीर न्यानो बनाउन ३४ हजार ८७ रुपैयाँबाट १२ घरपरिवारलाई फाइबर सिरक र तन्ना र यातायात खर्च उपलब्ध गराएको भैलो मुल आयोजक समितिका संयोजक ओमप्रकाश गुप्ताले जानकारी दिएका छन्। राहत पाउनेहरुमा राप्ती प्रेस मञ्चका अध्यक्ष अर्जुन अधिकारीको अध्यक्षता एवम् राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राप्ती गाउँपालिकाका प्रवक्ता तथा २ नम्बर वडा अध्यक्ष पहलवान चौधरी, ५ नम्बर वडा अध्यक्ष देवप्रसाद चौधरी, ९ नम्बर वडा अध्यक्ष रिमबहादुर सुनारी मगर, राप्ती गाउँपालिका विपत शाखा प्रमुख सुभाष भट्टराई, राप्ती प्रेस मञ्चका कोषाध्यक्ष मोतीराम भट्टराई र आयोजक संस्था तथा भैलो समितिका सदस्यहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा भैलोको आम्दानी तथा खर्च विवरण आर्थिक समितिका संयोजक सन्तोषकुमार गुप्ताले प्रस्तुत गरेका थिए। राप्ती प्रेस मञ्चका प्रथम उपाध्यक्ष बासुदेव न्यौपानेको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन राप्ती प्रेस मञ्चका महासचिव ओमप्रकाश गुप्ताले गरेका थिए।

# नि:शुल्क आकस्मिक सेवासहितको स्वास्थ्य बिमा



प्राडा दुण्डीराज पौडेल

विश्व बैंकको प्रतिवेदन अनुसार बंगलादेश, म्यान्मार, पाकिस्तान, भारतसहित हाम्रो नेपाल उपचारमा लाग्ने ठूलो खर्च (५७ प्रतिशत) नागरिकले आफ्नै खल्तिबाट बेहोर्ने मुलुकमा पर्छन्। भारत र बंगलादेश सुधारोन्मुख छन्।श्रीलंका यो क्षेत्रमा अग्र स्थानमा रहे पनि हाल आर्थिक संकटमा गुज्रन पुगेको छ। नेपाल भने सबैको हित हुने गरी सार्वजनिक स्वास्थ सेवामा सुधारतर्फ उन्मुख होइन,लिंग, जाती,भुगोल आदिलाई आधार बनाएर नगद बाँड्ने देशमा पर्छ। नेपाल सरकार बिना सुविधा बुझाइएको उच्च कर र रेमिटेन्सको रुपमा भित्रिएको रकमबाट नगद बाँड्न नै उद्दत छ,अझै उमेर घटाउने र रकम वृद्धि गर्ने चुनावी स्टण्टबाजिमा होडबाजी नै चलिरहेको छ।

नेपालको संविधान अनुसार आधारभूत र आकस्मिक स्वास्थ्य सेवाको सुनिस्चितता हुन नसकेको मात्रै होइन नेपालका बहुसंख्यक न्यून आर्थिक अवस्था र पहुँच नभएका नागरिकहरु असाध्य या आकस्मिक रोग लाग्दा यात अकालमा मर्न बिवस छन् भने अंग गुमाउन बिवस छन या आजीवन ऋृणको भारले थिचिएका छन्। स्वास्थ बिमा कार्यक्रमले अवश्य पनि केही राहत र सहजता भने प्रदान गरेको छ। दुई दशक अघिदेखि नै चर्चा र बहसमा ल्याइएको स्वास्थ्य बिमा कार्यक्रम बल्लतल्ल २०७२ देखि आंशिक रुपमा र हाल मुलुकभरी नै लागू त भयो। तर निरन्तरता बारे धेरै आशंकाहरु उब्जिएका छन। आवश्य कानुनी सुधार ,नियमावली संसोधन गर्नको साटो बिमा कार्यक्रमलाई नै असफल बनाउन खोजेको प्रतित हुन्छ। विभिन्न स्वार्थी तत्वहरुबाट स्वास्थ्य बिमा कार्यक्रमलाई नै असफल पार्ने प्रयासहरु न भएका पनि होइनन्। स्वास्थ्य बिमा कार्यक्रमले, स्वार्थपुर्ण राजनीतिक हस्तक्षेप, आर्थिक अव्यवस्था , ढिलासुस्ती, रकमको समयमा सोधभर्नाको अभाव, बिमाको दुरुपयोग, स्तरीय उपचार सेवाको सहज उपलब्धताको अभाव आदि चुनौतहिरुको सामना गर्नुपरेको थियो र छ। राष्ट्रिय बिमा बोर्डले गत आर्थिक वर्ष बिमितहरुको उपचार गरे बापत दाबी भएकोमध्ये साढे नौ अर्ब रुपैयाँ प्रदायकहरुलाई भुक्तानी गरेको फेहरिस्त सार्वजनिक गरेको छ। सायद दाबी अनुसार कतिको अझै भुक्तानी हुन बाँकी पनि होला। हालसम्म ३२ प्रतिशत परिवार एवं २१ प्रतिसत (५७ लाख ) जति नागरिकहरु आवद्ध भएकोमा कार्यक्रम भरपर्दो र प्रभावकारी हुन गए वर्षिक नविकृत एवम थप बिमितहरुको संख्यामा पनि बढोत्तरी हुन सक्छ। प्रतिपरीवार ३५०० रुपैयाँ उठ्दा कुल प्रिमियम ६ अर्ब रुपैयाँ जति पुग्ने भए पनि विभिन्न कारणले सो रकम कम उठेको पनि हुन सक्छ।

प्रशासनिक एवं अन्य व्यवस्थापकीय कार्यमा थप खर्च हुन्छ। आगामी वर्षमा बिमितको संख्या बढे प्रिमियम एवं खर्च हुने रकम पनि वृद्धि हुँदै जान्छ। सरकारले संचालन गरेको कार्यक्रम भएकोले निजि क्षेत्रमा जस्तो मुनाफा नखोजिए पनि यस्को दिगोपना र निरन्तरताको लागि सरकार,स्वास्थ्य मन्त्रालय, बिमा बोर्ड, कार्यान्वयन गर्ने सेवा प्रदायक संस्थाहरु एवं बिमीत नागरिकहरुको ठूलो भुमिका रहेको छ। स्वास्थ्य बिमा जस्तो बिशिष्टिकृत कार्यक्रमको जिम्मा दिंदा कम्तिमा स्वास्थ्य अर्थशास्त्र एवं स्वास्थ्य सेवा पद्दति बारेको जानकारीलाई आधार बनाउनको सट्टा राजनीतिक पहुँच र लेनदेनलाई बनाउनु बिडम्नापूर्ण छ। बिमा उपचारको क्रममा रकमको कति सदुपयोग हुन सक्यो? पाउनै पर्ने सेवाग्राहिले उचित सेवा पाए कि टाँठाबाठा पहुँच पुगेकाहरु नै बढी लाभान्वित भए? आवश्यक नपरे पनि प्रिमियम बापत प्राप्त हुने अधिकतम एक लाख रुपैयाँ खर्च गराउने गलत नियत या मानसिकता त कतै विकसित भएन?

चिकित्सकहरुलाई महंगो परीक्षण या औषधि लेखिदिन दबाब दिने प्रवृत्ति पनि कतै देखियो कि? शुल्क तिरेर डाक्टरहरुको निजि क्लिनिकमा समेत पुगि बिमा सेवा उपलब्ध संस्थाको प्रेस्कृप्सनहरु, महंगो औषधिले भरिदिन दबाब दिने प्रबृत्तीका कारण पनि उपचारको रकम बढ्न सक्नेतर्फ कम्तिमा विवेकशील नागरिकहरु सचेत हुनुपर्ने हो। उदेक लाग्छ, बहिरंग विभागमा मैले बिमा गरेको छु सिटी स्क्यान गरिदिनुपर्‍यो, महंगो औषधि लेखिदिनुपर्‍यो भन्ने दवाबको पनि सामना गर्नुपर्ने हुन्छ। बिमा भनेको त आवश्यक पर्नेले सुविधा लिनुपर्ने पद्धति हो भन्ने चेतना फैलाउन आवश्यक छ। त्यसैगरी प्रेस्कृप्सनहरु सामान्यतया आवश्यक नै नपर्ने प्रतिप्याकेट हजारौं रुपैयाँ मुल्यका बिमाको सुविधामा नपरेका महंगा भिटामिनहरुबाट प्रभावित हुनु आचारसंहिता विपरीत छन।

वर्तमान अर्थमन्त्रीको बजेट भाषणले सरकारी बिमा मार्फत खर्च हुन गएको अरबौं रुपैयाँ प्रती त कतै स्वार्थि तत्वहरुको आँखा लागेको त होइन? केही निजि सेवा प्रदायक संस्थाहरुको अत्यन्तै गंभिर आरोप छ -दाबी गरिएको रकमबाट आर्थिक निकाय या अन्य जिम्मेवारहरुले कमिसनको लोभ गरे। के यो आरोप सत्य हो भने गंभिर अपराध हो। त्यस्तै केही सेवा प्रदायकहरुले नक्कली रिपोर्ट खडा गरेको आरोप पनि छ। सरकारी स्वास्थ्य संस्थासहित निजि मेडिकल कलेज एवं सिमित अस्पतालहरुमा मात्रै लागू भएकोमा बिमा पद्धतिलाई उपयुक्त प्रेषण पद्धति अनुसार झन्झन् व्यापक र बिस्तारीत बनाउनुपर्ने आवश्यकता थियो। नेपालमा श्रवण शक्ति कम हुँदा आवश्यक पर्ने कक्लियर इम्प्लान्ट एवं विभिन्न प्रकारका श्रवण यन्त्रहरु निकै महंगो पर्न जान्छन्। ती बस्तुहरु मात्रै होइन दीर्घकालीन कान पाक्ने गम्भिर प्रकारका रोगहरुको मास्टोइड सल्यक्रिया समेत बिमाको प्याकेजमा समेटिएको छैन। त्यसैले विज्ञहरुसहितको अन्तरक्रियाबाट ऐन, नियमावली एवम कार्यक्रमहरुमा समेत परिमार्जनको आवश्यकता छ। उपयुक्त प्रेषण प्रणाली, आवश्यक पर्ने एम्बुलेन्स सहितको यातायात साधन ,आकस्मिक सेवाको चुस्तता र सहजता, संघीय एवम प्रादेशिक मन्त्रालयहरुमा हटलाइन टेलीफोन नम्बर सहितको चौबिसै घण्टा गुनासो सुन्ने इकाइको व्यवस्थापन र समन्वयको आवश्यकता लाई औंल्याउँदै आइएको हो। निजि कर्पोरेट अस्पतालहरुमा लाखौं खर्च हुने शल्यक्रिया सेवाहरु,क्यान्सर, गंम्भिर चोटपटक, मुटु आदि सेवाहरु पहुँचयोग्य र सहज बनाउन अपरिहार्य छ। अहिले काठमाडौ सहितका केन्द्रीय सहुरत मोफसलका क्यान्सर एवं अन्य सरकारी अस्पतालहरुमा रेडियोथेरापी सेवा उपलब्ध नहुँदा क्यान्सरका बिरामीहरु ठूलो मर्कामा परेका छन्। निजि अस्पतालहरुमा लाखौं खर्च हुँदा एक लाखको आर्थिक सहायता हात्तिको मुखमा जिरा झैं बन्न पुग्छ। दशौं करोडमा वीरमा खरिद गरिएको टोमोथेरापी उपयोगमै नआइ बेकामे बन्न पुग्यो। अंग प्रत्यारोपणलाई बिस्तारित र सहज बनाउन आवश्यक छ।

बिमाको कारण पनि अहिले विशेषज्ञ सेवा उपलब्ध केन्द्रदेखि मोफसलका सरकारी अस्पतालहरुमा बिरामीहरुको चाप बढेको छ। झनै स्वास्थ्य बिमा सरकारी अस्पतालमा मात्रै सिमित राख्दा यो चाप थेग्नै नसक्ने गरी बढ्न पुग्छ। सरकारी अस्पतालको बहिरंग सामान्यतया १० देखि १२ या १ बजे सम्म खुल्छ। त्यो केही घण्टाको अवधि भित्र चिकित्सकहरुले भिड पन्छाने कि बिरामीको उचित निदान गरि उपचार गर्ने? त्यसैले ती अस्पतालका विशेषज्ञ चिकित्सकहरुलाइ सेवाको परिणाम अनुसारको अतिरिक्त पारिश्रमिक दिई अतिरिक्त समयमा शल्यक्रिया सहितका सेवाहरु प्रदान गर्नुको बिकल्प नै छैन। बिमाका बिरामीहरुलाइ अतिरिक्त सेवा प्रदान गरे बापत सम्बन्धित चिकित्सकहरुलाई अतिरिक्त पारिश्रमिक दिन नमिल्ने भनिएको छ जुन तर्कहिन, अनुपयुक्त र प्रत्युत्पादक छ।

उनीहरुलाई आवास र अतिरिक्त पारिश्रमिकको व्यवस्था गरी बिहानदेखि बेलुकीसम्म सरकारी अस्पतालमा सेवारत रहने वातावरण बन्नुपर्छ। अहिले चिकित्सा बजार एवम सरकारी अस्पतालहरुमा युवा विशेषज्ञ चिकित्सकहरुको अभाव छैन। विरका विभिन्न विभागमा अहिले अत्यधिक संख्यामा रहेका विशेषज्ञ चिकित्सकहरुले काम पाउन सकेका छैनन। मोफसलका सार्वजनिक अस्पतालहरु कतै विशेषज्ञ चिकित्सक रहित छन, कहिं उपकरण एवं औजार बिना उनीहरू हात बाँधेर बस्नुपर्ने स्थिती छ।

दुर्गमबाट बल्लतल्ल उपचारार्थ आउने बिरामीलाई फेरि पालोमा आउन सम्भव पनि हुन्न। सरकारी अस्पतालहरुमा यो समस्या छ। शल्यक्रिया कक्ष, बेहोस गर्ने चिकित्सक आदिको कमिले शल्यचिकित्सकले चाहेर मात्रै पनि सेवा दिन सकिन्न। निजि अस्पताल एवं शिक्षण अस्पतालहरुमा यो समस्या कम छ। प्रत्येक दिन जसो शल्यक्रियाको सुबिधा छ। शल्यक्रिया सहितको विशेषज्ञ सेवा प्रदान गर्न मोफसलका अस्पतालहरुमा सम्बन्धित विषयका एक जना भन्दा वढी विशेषज्ञ पठाउन आवश्यक हुन्छ यसो गर्दा सेवाको निरन्तरता कायम हुन्छ।स्वास्थ्य बिमालाई निवर्तमान अर्थमन्त्रीको बजेट भाषणले अन्यौल ग्रस्त बनाइदिएको छ। वर्षौ सम्म दुर्गमका गाउँहरुमा माओबादी आक्रमणको नेतृत्व गरेका माओबादी पार्टीका तात्कालिक अर्थमन्त्री मुलुकको सार्वजनिक स्वास्थ्य सेवाको अवस्था बारे बेखबर नहुनुपर्ने हो। उनलाई सार्वजनिक स्वास्थ्य सेवाको अपर्याप्त एवम कमजोर अवस्थामा व्यापक अभिबृद्धी नगरी स्वास्थ्य बिमा कार्यक्रम सो क्षेत्रमा मात्रै सिमित गर्न सकिने अवस्था छैन भन्ने कुराको हेक्का नै थिएन कसरी भन्न सकिएला र? बीस प्रतिशत भन्दा बढी नागरिक गरिबी र अभावको दुश्चक्रमा बाँचिरहेका र बहुसंख्यक स्तरीय उपचार गर्न असक्षम रहेको मुलुकमा उपयुक्त एवम दिगो उपायद्वारा आर्थिक ब्यबस्थापन गरि बिमालाइ झनै सहज र बिस्तारित बनाउनु पर्ने आवश्यकता औंल्याउँदै आइएको हो।

वार्षिक ३५०० रुपैयाँको पृमियम रकम बापत ५ जना सम्मको परीवारको कुनै सदस्यले एक लाख रुपैयाँ सम्मको आकस्मिक एवम सल्यक्रिया सहितको सेवा निशुल्क प्राप्त गर्दा आर्थिक रुपमा निकै सहजता भएको थियो। पंक्तिकार कार्यरत मेडिकल कलेजमा गत आर्थिक वर्षमा नाक ,कान,घाँटी,गला सँग सम्बन्धित शल्यक्रिया भएका ४७६ मध्ये १७६ जना बिमित थिए। ती शल्य सेवा प्राप्त गर्नेमध्ये धेरै जसो दीर्घकालीन कान पाकेका ,पुरानो पिनास, गलगाँड एवम घाँटीमा विभिन्न गिर्खा भएका बिरामीहरु थिए जस्को निजि कर्पोरेट अस्पतालहरुमा उपचार गर्दा प्रतिब्यक्ति लाख रुपैयाँ भन्दा पनि बढी खर्च हुन सक्थ्यो। यो एक उदाहरण मात्रै हो। बिमाको कार्यक्रमले विशेषगरी सल्यक्रिया सहितको सेवा आवश्यक पर्नेहरु अवश्य लाभान्वित भएका छन्।

अझै तोकिएको अस्पतालहरुमा क्यान्सर सहितका विभिन्न रोगहरुको उपचार गर्दा सरकार बाट प्रतिब्यक्ति एक लाख रुपैयाँ सम्म सहयोग गर्ने प्रावधान रहे पनि ती असाध्य रोगहरुको निजि अस्पतालहरुमा उपचार गर्दा लाखौं खर्च हुन जान्छ ,सो रकम मिजि अस्पतालमा उपचार गर्दा हात्तिको मुखमा जिरा सदृस हुने भएकाले सार्वजनिक एवम शिक्षण अस्पतालहरुमा स्तरीय सेवाको अपरिहार्यता रहन्छ। बेथितिहरु पैदा हुनु र झांगिनुमा आफन्त सहितका सेवाग्राही , स्वास्थ्य मन्त्रालय एवं बिमा ब्यबस्थापन र चिकित्सक स्वास्थ्यकर्मीसहित सेवा प्रदायक संस्था सबै जिम्मेवार छन।मुख्य कुरा राजनीतिक पार्टिका जिम्मेवारी सम्हाल्ने मौका पाएका पार्टी नेताहरु अत्यतै सिमित दायरा ,संकिर्ण सोचाइ , राजनीतिक एवम ब्यक्तिगत स्वार्थमा लिप्त बाँकी ७ पेजमा

मल्लरानी वडा नं. ३ को अनुरोध

"समावेशी विकासका लागि रुपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"

-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।

३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।

मनोज कुमार जि.सी.
सचिव

नोमराज पौडेल
वडाध्यक्ष

एवं समस्त मल्लरानी गाउँपालिका ३ वडापरिवार, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध

"समावेशी विकासका लागि रुपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"

-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।

३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।

अनुरोधक
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा प्यूठान

# उँखु खेती गर्ने तरिका

-जानकारी



१) उखुखेती कस्तो हावापानीमा गर्न सकिन्छ ?

-यो गर्मी हावापानी भएको क्षेत्रमा लगाउने बाली हो । नेपालमा खासगरी तराई क्षेत्रमा यसको खेती हुन्छ र मध्य पहाडको बेशी क्षेत्रमा पनि यो बाली फाटफुट रुपमा लगाईन्छ ।

२) उखु खेतका लागि कस्तो प्रकारको माटो उपयुक्त हुन्छ ?

-उखु बलौटे दोमट देखि चिम्ट्याईलो दोमटसम्म सबै प्रकारको माटोमा लगाउन सकिन्छ । बलौटे माटोमा लगाएमा सिंचाईको राम्रो ब्यबस्था हुनु पर्दछ र चिम्ट्याईलो माटो भएमा पानीको निकास राम्रो हुन पर्दछ ।

३) उखु खेतीका लागि वीउको छनौट कसरी गरिन्छ ?

-उखुबोटको तलको भाग हटाई माथिल्लो भागबाट तीन वटा आंख्ला भएको ३०-३५ से मी लामो टुक्राहरु बनाई वीउको लागि प्रयोग गर्नु पर्दछ । टुक्रा बनाउदा रोग कीरा लागेको बोटबाट बनाउनु हुदैन र खुट्टी बालीबाट पनि वीउ छनौट गर्नु हुँदैन ।

४) एक विगाहा क्षेत्रको लागि कति बीउको टुक्राहरु आवश्यकता पर्दछ ?

-एक बिगाहामा माथि भनिए अनुसारका टुक्राहरु २५-२६ हजार चाहिन्छ ।

५) नेपालमा सिफारिस भएका जातहरु के के हुन ?

-हालसम्म सिफारिस भएका जातहरु हुन जितपुर-१, जितपुर-२, जितपुर-३ र जितपुर-४ । जितपुर-३ र जितपुर-४ सम्पूर्ण तराई क्षेत्रमा लगाउन सकिन्छ । जितपुर-२ खासगरी असिंचित क्षेत्रका लागि सिफारिस गरिएको हो भने जतपुर २ सिंचित क्षेत्रको लागि सिफारिस गरिएको हो ।

६) जितपुर-३ र जितपुर-४ का विशेषाताहरु के छन् ?

-यी दुई जातहरु पहिलाका जितपुर-१ र जितपुर-२ भन्दा नयां हुन । यिनीहरुमा रातो सड्ने रोग (Redrot) र कालो ध्वांसे (कगत) रोग कम लाग्दछ ।

७) उखु रोप्ने तरीका के हो ?

-उखु हल्का ड्याङ्ग देखिने, ड्याङ्ग र खाल्टो खनेर लगाईन्छ । आजकल खाल्टो खनेर लगाउने प्रचलन नै बढि छ । खाल्टो खनी तीन आंख्ला भएको वीउ टुक्राहरु एक पछि अर्को गरी राखी माटोले पुरी सम्म पार्नु पर्दछ।

८) उखुमा मलखादको प्रयोग कसरी र कति मात्रामा गरिन्छ?

-नाईटेजन, फस्फोरस र पोटास तत्वयुक्त मलहरुको सन्तुलित मात्रामा प्रयोग गर्नु पर्दछ । यसका लागि उपलब्ध मलहरु क्रमशः यूरिया, डि.ए.पी. र पोटास हुन र यी मलहरु बजारमा उपलध छन् ।

मल परिमाण र समय

-डि.ए.पी. १३०.० र पोटास ६७.० रोप्ने बेला

-यूरिया २७६.० (सिंचित) रोपेको ९० र १२० दिनमा

-२११.० (असिंचित) आधा आधा गरी बांड्ने र प्रयोग गर्ने

यसमा नाईट्रोजन मलको लागि ५ भागको १ भाग प्रांगारिक मलबाट पनि पूर्ति गर्न सकिन्छ ।

९) उखुमा सिंचाई कहिले र कति दिनु पर्दछ ?

-सिचाई दिने परिमाण माटो र वर्षाको अवस्थामा भर पर्दछ । साधारणतया बर्षा शुरु हुनु भन्दा अगाडी ४-५ पटक र वर्षा पछि १-२ पटक दिन सकेमा राम्रो उत्पादन लिन सकिन्छ । शरदकालीन उखुमा सिंचाई बढी चाहिन्छ ।

१०) उखु लगाउने समय कहिले हो?

-उखु हिउंदे बाली हो र कार्तिक देखि माघ महिनासम्ममा लगाउने गरिन्छ । कार्तिकमा लगाएको उखुलाई शरदकालीन र माघमा लगाएकोलाई वसन्तकालीन उखु भनिन्छ ।

११) उखुमा अन्तरबाली खेती लगाउने चलन छ । कुन बाली उपयुक्त हो?

-शरदकालीन सिंचित उखुमा आलु, बन्दा, मुला, हरियो मकै, तोरी, धनिया बालीहरुअन्तरबालीको रुपमा लाभकारी देखिएका छन् । असिंचित अवस्थामा तोरी र धनियां लाभकारी छन् । बसन्तकालीन उखुमा भिण्डी र मुंग लाभकारी पाईएका छन् ।

१२) बढी पानी भएमा उखुलाई के असर गर्दछ ? यसको ब्यबस्थापन कसरी गर्ने?

-बढि पानी उखुका लागि हानिकारक छ । यसले उत्पादन घटाउनुका साथै उखुमा भएको गुलियोपन (सुक्रोज) लाई घटाउंदछ । पानीको निकासको ब्यबस्था मिलाउनु पर्दछ र धेरै पानी जम्न दिनु हुंदैन ।

१३) उखुमा झारपातको नियन्त्रण कसरी गर्नु पर्दछ ?

-उखु रोपेको एक डेढ महिना भित्र झारपातको नियन्त्रण हुनु पर्दछ । त्यसपछि ९० दिनमा र १२० दिनमा उप्केरा लगाई झारपात नियन्त्रण गर्नु पर्दछ । झारपात नियन्त्रण गर्न हातले गोडमेल वा साना मेशिनहरु प्रयोग गर्न सकिन्छ । झरपात नियन्त्रण गर्न औषधी प्रयोग गर्नु पर्दा उखु रोपेपछि झारपात उम्रनु अघि एटजीन वा सिमाजिन भन्ने औषधी २ के.जी. प्रति डेड विगाहामा ५००-६०० लिटर पानीमा मिसाई छर्नु पर्दछ । यसपछि चोडापाते झार नियन्त्रणका लागि उखु रोपेको २५-३० दिन पछि २-४ डी नामक औषधी २ के.जी. खास औषधी प्रति हेक्टर (डेढ विगाहा) मा ५००-६०० लिटर पानीमा मिसाई छर्नु पर्दछ ।

१४) उखुमा कुनकुन कीराहरु लाग्ने गर्दछन्?

-सामान्यतया उखुमा लाग्ने कीराहरु यस प्रकार छन्ः उखुको टुप्पोको गवारो , फड्के, सेतो झिंगा , कत्ले कीरा, कालो पतेरो, प्लासी गवारो, कपासे लाई कीरा , फट्याङ्गा आदि छन् । मुख्य तया गवारो कीराहरुको प्रकोपले बढी नोक्सानी पुर्याएको हुन्छ ।

१५) उखुको टुप्पाको गवारो कीराकोक्षति को लक्षण कस्तो हुन्छ र ब्यबस्थापन कसरी गर्ने ?

-लार्वाले गुवो भित्र सुरुंग बनाउंदै भित्र पस्दछ र गुबोको पात बाहिर निस्कन्छ र ती पातमा नसाको समानान्तर हुने गरी लस्करै गोला देखिन्छन् । नियन्त्रणका उपायहरु यस प्रकार छन्,

१६) खेती प्रणाली ब्यवस्थापनबाटः

-छिटो पाक्ने र बढी गांज आउने जात लगाउने , कीरा देख्नासाथ सिंचाई गर्ने , वसन्तकालीन रोपांई नगरी शरदकालीन रोपांई गर्ने । बसन्तकालीन रोपांई गर्न परे छिटै पाक्ने जात लगाउने । जैविक नियन्त्रणः रोपेको ४० दिन पछि टइकोग्रामा १,००,००० गोटा प्रति हेक्टरका दरले १० -१० दिनको फरकमा ५-६ पटक छाड्नु पर्दछ ।

१७) रसायनिक औषधीको प्रयोगः

-प्रकोप बढी हुने क्षेत्रमा रोप्ने समयमानै फर्टेरा वा फिप्रोनिल ७.३% दानादार औषधी ०.७५ - १.५ के.जी प्रति कट्ठा का दरले उखु वरिपरि नालामा हाल्ने र सिंचाई गर्ने वा लर्भिन ७५% डब्लु.पी. २ ग्राम प्रति लिटर पानीका दरले ८००-१००० लिटर घोल तयार गरी स्प्रे गर्ने (एक हेक्टरमा) ।

१८) फेदको अगौटे गवारोको विनाशको लक्षण कस्तो हुन्छ र नियन्त्रण कसरी गर्ने ?

-यो कीराले उखुको कलिलो अवस्थामा खान्छ । क्षेति पुर्याएपछि मृत गुवो देखिन्छ । मृत गुवोको तल मसिना प्वालहरु हुन्छन् जो गवारोले खाएको हो । औषधी प्रयोग गर्नु पर्दा माथि भने अनुसार नै प्रयोग गर्न सकिन्छ । कीरा रोकथामका लागि छिटो पाक्ने र चांडै बढ्ने जात लगाउनु पर्दछ । सुख्खा भए कीरा देख्नासाथ सिंचाई गर्ने र पानी बढी भए निकासको ब्यवस्था गर्ने । बसन्तकालीन उखुमा रोपेको ४५ र ६० दिनमा २ - ३ इंन्च माटोको चढाई गर्ने ।

१९) उखुको फड्के कीराको प्रकोपको लक्षण कस्तो हुन्छ र नियन्त्रण कसरी गर्ने ?

-यसले विरुवाको पात तथा लाक्राबाट रस चुसी खान्छ , जसले गर्दा विरुवाको वृद्धि कम हुन्छ र अन्य रोगले पनि आक्रमण गर्दछ । यसले छाडेको गुलियो पदार्थमा ढुसीको फैलावट हुन्छ, जसले गर्दा प्रकाश संस्लेषण घटाउंछ र उत्पादनमा कमी पुर्याउंदछ । बढि घनत्व, उच्च नाईटेजन मल र पानी जम्नाले यसको बृद्धि बढि हुन्छ ।

नियन्त्रणका उपायहरु

- खेती ब्यवस्थापन ।
- नाईटेजनयुक्त मल बढी नदिने ।
- पानी जम्न नदिने ।
- बर्षायाममा तलका खुकुला पातहरु हटाई दिने ।
- खुट्टी बाली ब्यवस्था गर्दा प्राकृतिक शत्रु नष्ट नहोस भन्नाका लागी सबै विरुवा भागको :गअिज बनाउने ।

२०) जैविक नियन्त्रण

- इपिरी क्यानीया मेलानोल्युकाको कोकुन वा फुल चार पांच हजार प्रति हेक्टरका दरले छाड्ने ।
- मेटारिजियम र वीउ भेरियन वासियानाले संयुक्त रुपमा उपचार गरिएका २५० वयस्क फड्के कीरा प्रति हेक्टरका दरले छाड्ने ।

रसायनिक औषधी प्रयोगः

- करन्जिन नामक बनस्पति जन्य विषाधी २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्ने वा
- फिप्रोनिल ०.७५ - १.० के.जी. प्रति कठ्ठाका दरले उखुको नालामा छर्ने र माटोले पुरी सिंचाई गर्ने वा
- क्लोरपाइरीफस (१०% इ.सी.) १६०० - २००० मि.लि. प्रति ८००- १००० लिटर पानीमा मिसाई छर्ने (प्रति हेक्टर) ।

२१) उखुको फटयाङ्गे कीराको विनाशको लक्षण कस्तो हुन्छ र नियन्त्रण कसरी गरिन्छ ?

यो कीराले पातको छेउबाट खान्छ र धेरै आक्रमण भएका बेला मूल नसा बाहेक सबै खाएको हुन्छ । प्रति वर्गमिटर १३ गोटा भन्दा बढी भएमा अनिवार्य रुपमा नियन्त्रण गर्नु पर्दछ ।

२२) ब्यबस्थापनका उपायहरुः

खेती ब्यबस्थापनः

- चैत्र- बैशाखतिर पहिलो झर पानी पर्नुभन्दा अगाडी खेतवारीको आली १० - १५ से.मी. तासेर पुन त्यतिकै हिलो माटो थपि दिनाले फटयाङ्गाको फुल धेरै मात्रामा नष्ट हुन्छन् ।
- उखु लगाउनु भन्दा पहिले चैत्र- बैशाख तिर राम्ररी जोति दिनाले फटयाङ्गाको फुल नष्ट हुन्छ ।
- बांझो जमिनमा धेरै फुल पार्ने भएकाले सकेसम्म यस्तो जमिन कम छाड्ने ।
- खुट्टी बालीलाई राम्रोसंग खनजोत र माटो चढाउने गर्ने ।

सायनिक औषधी प्रयोगः

कीरा संख्या धेरै भई औषधी प्रयोग गर्नु पर्दा अल्फामेथ्रिन (१०% इ.सी.) , क्लोरपाइरीफस (२०% इ.सी) १६०० - २००० मि.लि. ८००- १००० लिटर पानीमा मिसाई एक हेक्टरमा छर्ने ।

बाँकी ८ पेजमा

## निशुल्क...

रहेको पाइन्छ। बिमितको उपचारको सुरुआत सरकारी स्वास्थ्य संस्था या अस्पताल बाट नै प्रदानित हुनु सकारात्मक हो।तर स्तरिय उपचारका लागि आवश्यक जनशक्ति र साधनको जरुरत पर्दछ। सो हुन नसके समयमै सहजतापुर्वक संबन्धीत संस्थामा पुग्ने सुनिस्चितता पनि हुनुपर्छ। बिमासंगै सार्वजनिक अस्पतालहरुको सेवामा मात्रात्मक एवम गुणात्मक सुधार अपरिहार्य थियो र छासार्वजनिक क्षेत्रको अभिबृद्धीको साथै हाल कुल स्वास्थ्य क्षेत्रको ७० प्रतिसत भाग ओगटेको निजि क्षेत्रको पनि सहजिकरण र नियमन बांछित छ।

कार्यान्वयन गर्ने क्रममा ऐन एवम अन्य अब्यबहारिक एवम त्रुटिपूर्ण प्रावधान , आर्थिक ब्यबस्थापन आदिमा सुधार, नियमन एवम परिमार्जन गर्दै सेवालाइ बिस्तार गर्नको सट्टा बिमा झन संकुचित र सिमित बनाउन खोजिएको आशंका छ। वर्षै पिच्छे नविकरण गरिरहन भन्दा आम्दानीको मुल श्रोतमा नै आम्दानी अनुसार स्वास्थ्यकर उठाउने प्रणाली,संबन्धित इकाइमा दर्ता गरि आवश्यकता अनुसार माथिल्लो स्तर या सुविधा सम्पन्न संस्थामा प्रेषण प्रणाली,बिमा सेवा सुविधाको शून्य दुरुपयोग आदि जस्ता कुराहरूको ब्यबस्थापन गर्न सकिन्छ। अहिले स्वास्थ्य बिमा पद्धतिलाई अपजसको भारी बोक्न पर्ला भनेर जवर्जस्ती टिकाउने मात्रै काम भैरहेको छातर बिमा पद्धतिलाई अल्पकालीन होइन दीर्घकालीन र निरन्तर बनाउनुपर्ने आवश्यकता छ। कानुनी अस्पष्टताहरु सच्याउन सकिन्छ। बिमा कार्यक्रम लागू गर्नमा योगदान दिएका गगन थापा सहितका अन्य भु पु स्वास्थ्य मन्त्रीहरु लगायत अन्य मन्त्रालय संबद्द पदाधिकारी , स्वास्थ्य बिमा बिज्ञ, स्वास्थ्य अर्थसास्त्री आदिहरुको प्रयास बिमालाई दीर्घकालीन र नैरन्तरिक बनाउन केन्दृत हुनुपर्छ। अहिले स्वास्थ्य बिमाको बिकल्प छैन। बरु बिमालाई अझै परिमार्जित ,प्रभावकारी र बैज्ञानिक बनाउन आवश्यक छ। निशुल्क एवम निसर्त आकस्मिक एवम आधारभुत सेवासहित मुलुक भरी अनिवार्य बिमा लगाउन सकिन्छ।

### सक्षम नियमनकारी निकाय

नेपालमा मुलत डा गोविन्द केसीको सत्याग्रहको बलमा शक्तिशाली नियमनकारी चिकित्सा शिक्षा आयोगसहित ऐन पारीत भयो। जसले चिकित्सा शिक्षाको सन्दर्भमा मन्त्रालयहरुलाई समेत बाध्यकारी हुनेगरी निर्देशन जारी गर्न सक्छ। पंक्तिकारले चिकित्सा शिक्षामा मात्रै सिमित नरहने गरी समग्र चिकित्सा सेवा र शिक्षा दुवैप्रती जिम्मेवार राष्ट्रिय स्वास्थ्य आयोगको आवश्यकतालाई पटकपटक उठान गरेकै हो । जस्को सुनुवाइ संबद्ध पक्षबाट हुन सकेन। अझै पनि फगत स्वास्थ्य मन्त्रालयको एक फाँटप्रती निर्भर मेडिकल काउन्सिललाई निर्वाचित चिकित्सकहरुको सट्टा बहुप्रतिनिधिमुलक र विज्ञहरु सम्मिलित एक चुस्तदुरुस्त स्वतन्त्र अधिकार संपन्न एवम कामकाजी संस्थाको रूपमा रुपान्तरण गर्ने या चिकित्सा शिक्षा आयोगको ऐनमा संशोधन गरी दुवै हेर्ने शक्तिशाली चिकित्सा आयोगको रुपमा स्थापित गर्न सकिन्छ । छिमेकी राष्ट्र चीनदेखि भारतमा समेत यो व्यवस्था छ।

# उँखु...

**२३) प्लासी गवारोको विनाशको लक्षण कस्तो हुन्छ र नियन्त्रण कसरी गरिन्छ ?**

पोथी पुतलीले समुह समुहमा पारेको फुलबाट निस्केका लार्भाले टुप्पोबाट ३-५ अन्तर गांठमा प्रवेश गरी प्वाल पार्दछन् र लाक्राभित्र तिब्ररुपले सुरुंग बनाई क्षेति पुर्याउदछ।

**२४) ब्यबस्थापनका उपायहरुः**

- उखु काटि सकेपछि ठुटाहरु जलाई दिने जसले गर्दा गवारोको अचल अवस्था नष्ट हुन्छ।
- उखु रोपेको ३०-४० दिनपछि टइकोग्रामा एक लाख प्रति हेक्टरका दरले दश दिनको फरकमा ५-६ पटक छाड्ने।
- कीराको प्रकोप बढि भएमा बत्तिको पासो राखी कीराको अवलोकन गर्ने र बढि संख्यामा पुतली आएको बेला लार्भिन ७६% डब्लु.पी. (Thiodicarp 75% WP) स्प्रे गर्ने। प्रकोप बढि हुने क्षेत्रमा रोपांईकै समयमा फर्टेरा (०.४% दाना) वा फिप्रेनिल (०.३% दाना) ०.७५-१.० के.जी. प्रति कट्ठाका दरले उखुको नालामा हाली माटोले पुर्ने र सिंचाई गर्ने।

**२५) उखुको रातो सडन रोग (Red rot disease)को लक्षण कस्तो हुन्छ र कसरीब्यवस्थापन गर्ने ?**

-यो ढुसी जन्य रोग हो। रोगको प्रथम लक्षण साउन महिनातिर शुरु हुन्छ र काट्ने बेलासम्म देखिन्छ। रोगी विरुवाको डांठहरुको आंख्ला सानो र लम्बाई पट्टी चाउरी परेको हुन्छ। पातको मूल नसामा रातो दाग देखिन्छ र यो पातको दुबै सतहबाट प्रष्टसंग देखिन्छ। लाक्रामा धब्बा, सुक्ने खुम्चिने र खुकुलो हुने लक्षणहरु देखिन्छन्। उखु चिरेर हेर्दा कुहिएको रातो तन्तुहरुको बीच सेतोधर्सा। दाग प्रस्ट देखिन्छ र रोगी बोटबाट अमिलो गन्ध आउंदछ।

**ब्यवस्थापनका उपायहरुः**

-रोगी विरुवा हटाउने र नष्ट गर्ने।

-उखुको वीउ टुक्राइ सकेपछि ५० डिग्री सेन्टिग्रेड को तातो पानीमा २ घण्टा वा ५४ डिग्री सेन्टिग्रेड आद्रवायुले ४ घण्टासम्म उपचार गरी वेभिस्टीनको झोल (एक ग्राम प्रति लिटर पानीमा) वा डाइथीनियम ४५ (२.५ ग्राम प्रति लिटर) पानीको झोलमा डुबाई उपचार गरी रोप्नु पर्दछ।

**२६) कालोपोके रोग को लक्षण कस्तो हुन्छ र ब्यवस्थापन कसरी गर्न सकिन्छ?**

यो ढुसीबाट हुने रोग हो र प्राथमिक संक्रमण वीउबाट हुन्छ र खडा बालीमा हावाबाट पुनःफैलन्छ। यो खुट्टी बालीमा बढि लाग्दछ। रोगी विरुवाको वीचको भाग कालो भएर धेरै फिट लामो भईचाबुक जस्तो देखिन्छ।

**ब्यवस्थापनका उपायहरुः**

-५० डिग्री सेन्टिग्रेडको आद्र वायुले चार घण्टासम्म उपचार गरी वेभिस्टीनको झोल (१ ग्राम प्रति लिटर पानीमा) मा वीउ उपचार गरी रोप्नु पर्दछ।

**२७) उखुको ओइलाउने (Wilt)रोगको लक्षण कस्तो हुन्छ र ब्यवस्थापन कसरी गरिन्छ ?**

यो रोग पनि ढुसीकै कारणबाट हुन्छ। असोज महिना देखि देखिन थाल्दछ। रोगी बोटको माथिल्लो पात पहेंलो भई ओईलाएर सुक्न थाल्दछ। चिरेर हेर्दा रातो खैरो रंग देखिन्छ।

**ब्यबस्थापनका उपायहरुः**

२८) उखुको वीउ टुक्राइ सकेपछि ५४डिग्री सेन्टिग्रेड को आद्र वायुले ४ घण्टा सेकी वेभिस्टीनके झोल (१ ग्राम प्रति लिटर पानी) वा डाईथेनियम ४५ (२.५ ग्राम प्रति लिटर पानी) को झोलमा डुवाई उपचार गरी रोप्नु पर्दछ।

**२८) उखुको घांसे रोगको लक्षण कस्तो हुन्छ र कसरी ब्यवस्थापन गर्न सकिन्छ ?**

उखुको यो रोग माईक्रोप्लाज्मबाट हुन्छ। रोग लागेको बोटहरु सानो, सुइरो र पहेंलो पात भएको हुन्छ। यी बोटहरु एकै ठाउंमा धेरै उम्रेर घांसको झुप्पा जस्तो देखिन्छ र लाक्रा पेल्न लायक हुदैन।

**ब्यवस्थापनः**

-रोग प्रतिरोधी जात लगाउन प्रयास गर्ने।

- रोगी विरुवा हटाउने।

-स्वस्थ वीउको छनौट गरी लगाउने। यसका लागि वीउ उपचार गरेर मात्र प्रयोग गर्ने। उपचारको लागि माथि उल्लेख गरे अनुसार अनुसरण गर्ने।

**२९) उखुलाई ढल्नबाट बचाउन के गर्नु पर्दछ ?**

-मलखाद प्रयोगमा युरिया मात्र प्रयोग नगरी सबै मलखादको संतुलित मात्रा प्रयोग गर्नु पर्दछ। यस बाहेक दोश्रो पटकको मलखाद प्रयोगमा उप्केरा लगाउन विर्सनु हुंदैन। श्रावण महिना तिर करीब ६-७ फिट हुंदा बोटहरुलाई बाध्नु पर्दछ।

**३०) उखु काट्ने उचित समय कुन हो ? कसरी थाहा पाउने?**

-जब उखुको तलको पातहरु सुक्न थाल्दछ र टुप्पो तर्फको भाग मात्र हरियो रहन्छ, काट्ने बेला भएको बुझिन्छ। साधारण तया एक वर्ष पछि कार्तिक मंसिर देखि उखु काट्ने शुरु हुन्छ तर उखु माघ फाल्गुनसम्म रहेमा चिनीको मात्रा बढ्दछ। उखुको बीचको भागको रसको चिनीको मात्रा १७-१८% भएमा काट्ने वेला भएको संकेत गर्दछ। यस्तो नाप रिफेक्टोमिटर भन्ने यन्त्रद्धारा ततकालै मापन गर्न सकिन्छ।

**३१) उखु काट्ने तथा समेट्ने तरीका के हो?**

-जब उखुको तलको पातहरु सुक्न थाल्दछ र टुप्पो तर्फको भाग मात्र हरियो रहन्छ, काट्ने बेला भएको बुझिन्छ। साधारण तया एक वर्ष पछि कार्तिक मंसिर देखि उखु काट्ने शुरु हुन्छ तर उखु माघ फाल्गुनसम्म रहेमा चिनीको मात्रा बढ्दछ। उखुको बीचको भागको रसको चिनीको मात्रा १७ - १८% भएमा काट्ने वेला भएको संकेत गर्दछ। यस्तो नाप रिफेक्टोमिटर भन्ने यन्त्रद्धारा ततकालै मापन गर्न सकिन्छ।

**३२) उखुको खुट्टी बाली के हो र यो बाली कसरी फायदा जनक छ ?**

-उखु काटी सकेपछि तल डांठबाट फेरि पलाउंदछ र अर्को बालीको रुपमा पुनः खेती गरिन्छ र लाभदायक रुपमा उखु उत्पादन लिन सकिन्छ। यस्तो खेतीलाई खुट्टी बाली भनिन्छ। यसका लागि उखु भने तल फेदबाट नै कोटेको हुनु पर्दछ अन्यथा माथिको भागबाट उम्रेको बोटबाट राम्रो उत्पादन हासिल गर्न सकिदैन। यस बाहेक उखु काट्न माघसम्म रहेमा वेश हुन्छ। यसरी जमिन तयारी गर्न नपर्ने, वीउको खर्च नलाग्ने भएकाले किफायत रुपमा बाली भित्र्याउन सकिने भएकाले खुट्टी बाली फायदा जनक छ। तर दोस्रो पछि तेस्रो बालीका लागि भने खुट्टि बाली लाभकारी हुंदैन।

**३३) खुट्टी बाली खेती पहिलो बाली जसरी नै गरिन्छ वा के कति फरक छ ?**

उखु काटेपछि तुरुन्त सिंचाई गरी मलखाद दिनु पर्दछ। नाईटेजन युक्त मल (यूरिया) पहिलो बाली भन्दा करीब २०% बढि दिनु पर्दछ। आधीमल पहिलो सिंचाई गरेपछि बां आधी दोस्रो वा तेस्रो सिंचाई गरेपछि राम्ररी बांडेर दिनु पर्दछ। यसरी पहिलो बाली सरहनै खुट्टी बालीको पनि खेती गर्नु पर्दछ र लाभदाक उत्पादन लिन सकिन्छ। रोगी बोटको भने खुट्टी बाली गर्नु हुंन र खाली ठाउंहरुमा आंख्ला सहितको वीउ डांठ रोपी दिनु पर्दछ।

**३४) उखु खेतीमा मौसम परिवर्तनका असर हरुलाई सामना गर्न के प्रयासहरु भएका छन्?**

-उखु बालीमा मिश्रित वा घुसुवा बालीलगाइन्छ। यसमा पनि कोसेबाली समेत लगाइन्छ। यसरी मिश्रित बालीले चिस्यान संचितकरण, तापक्रममा संतुलन हुनमा सहयोग ईरहेको हुन्छ। यस बाहेक पानी जम्ने अवस्था र सुख्खा सहन सक्ने जातहरु विकास गर्ने कार्यहरु भई रहको छ।

गाउँपालिकाबासीलाई अनुरोध
"समावेशी विकासका लागि रुपान्तरित समाधानः पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"
-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।
३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।
अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकतावद्ध खबरदारी"
-अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौ,
-सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं,
-अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
-सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं।
३१औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं।
अनुरोधक
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते प्यूठान

बालविवाह सामाजिक र कानूनी अपराध हो।
बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं।
-उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।
नेपाल सरकार विज्ञापन बोर्ड

गाउँपालिकाबासीलाई अनुरोध
"समावेशी विकासका लागि रुपान्तरित समाधानः पहुँचयुक्त र समतामूलक विश्वका लागी ऊर्जावान सृजनशीलताको प्रावधान"
-अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
-अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापाहरु नगरौ नगराऔं,
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
-अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं।
३१औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं।
अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान